# गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम विकासः कोशी क्षेत्रमा देखिएका नीतिगत कठिनाइहरू

✍अब्दुल सहिम अन्सारी, सुवासचन्द्र कुँवर र हरिशरण लुइँटेल

## परिचय

नेपाल सरकारले गैरकाष्ठ वन पैदावर (गै.का.व.पै.) हरूलाई एउटा सम्भाव्य आर्थिक स्रोतको रूपमा लिएको छ । देशको वन स्रोतमा रहेको आर्थिक सम्भाव्यतालाई अधिकतम रूपमा प्रयोग गर्न नसकिएकोले अप्रशोधित वन पैदावारहरू भारत लगायतका देशहरुमा निर्यात गर्ने गरिएको पाइन्छ । यसबाट नेपाल सरकारले थोरैमात्र राजश्व सङ्कलन र स्थानीय समुदायहरूले थोरै मात्र आम्दानी प्राप्त गर्ने गरेका छन् । यो समस्यालाई केही हदसम्म हल गर्ने र गरीब जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले समुदायमा आधारित वन उद्यमहरू स्थापनामा जोड दिंदै विभिन्न संघसंस्था तथा वन सरोकारवालाहरू यस क्षेत्रमा लगानी एवं श्रम जुटाई अगाडि बढिरहेका छन् । ग्रामीण क्षेत्रमा स्थापित गै.का.व.पै.मा आधारित उद्यमहरू धमाधम सञ्चालनमा भएता पनि थोरै मात्र सफल भएका छन् । यसरी अधिकांश वन उद्यमहरु चाहे अनुरुप सफल नहुनुमा धेरै कारणहरू मध्ये वन सम्बन्धी नीति नियमबाट सिर्जित अप्ठ्याराहरू र चुनौतीहरू प्रमुख रूपमा देखिएका छन् ।

यस लेखमा वन्य उद्यम सम्बन्धी विभिन्न सरकारी ऐन, नियम तथा नीतिहरूका बारेमा विस्तृत विवेचना गरिएको छ । गै.का.व.पै.मा आधारित वन उद्यममा कच्चा पदार्थको आपूर्ति, उत्पादन, प्रशोधन तथा बजार व्यवस्थापन सम्बन्धी पूर्वी नेपालको कोशी क्षेत्रमा गरिएको अध्ययनबाट प्राप्त सिकाइहरू यस लेखमा प्रस्तुत गरिएको छ । यसमा अव्यावहारिक सरकारी नीति नियमहरूका कारण कति हदसम्म गै.का.व.पै.का उद्यमको व्यावसायिक सञ्चालनमा प्रभाव पार्दछ भन्ने कुरामा पनि विवेचना गरिन्छ । यस लेख तयार पार्ने क्रममा विभिन्न लेख रचनाहरूको अध्ययन, खास खास सरोकारवालाहरूसित अन्तर्वार्ता, समूह छलफल तथा स्थलगत अवलोकन गरिएको थियो । यसका साथै हामीले केही सफल र असफल मामिला अध्ययनका सामग्री समेत समावेश गरी यस लेखमा प्रस्तुत गरेका छौं ।

## पृष्ठभूमि

संरक्षित क्षेत्रहरूको बृहत् सञ्जालबाट नेपालको जैविक विविधता संरक्षणमा टेवा पुगिरहेको छ । नेपालमा प्रति एकाइ क्षेत्रमा प्रचुर जैविक विविधता रहेको मानिन्छ (नेपाल सरकार २००२) । यसको १५० कि.मी. उत्तर दक्षिण र करीब ८०० कि.मी. पूर्व पश्चिमको भूगोलमा विभिन्न किसिमका हावापानी र जीव तथा वनस्पतिमा प्रचुरता रहेको छ । यहाँ ७०० प्रजातिका औषधीय गुण भएका वनस्पतिहरू छन् र तीमध्ये २३८ प्रजातिहरू प्रयोगमा ल्याइएको छ । सरकारले ३० प्रजातिहरूलाई प्राथमिकताको सूचीमा राखेको छ र तीमध्ये १२ प्रजातिहरू व्यावसायिक खेती र बजार प्रवर्द्धनका लागि छानेको छ (एफ.एन.सी.सी.आइ. २००४, सुवेदी २००६) । नेपालका गै.का.व.पै.हरू खासगरी सौन्दर्य सामग्री, चिया, खाद्य सामग्री, औषधी इत्यादिमा प्रयोग गर्ने गरिएको छ जसको लोकप्रियता राष्ट्रिय र अर्न्तराष्ट्रियस्तरमा समेत बढिरहेको छ । गै.का.व.पै.हरू दिगो र व्यावसायिक रूपमा प्रयोग भयो भने यसले अर्थतन्त्रलाई बलियो टेवा पुऱ्याउँछ । नेपालमा पूर्वी क्षेत्रदेखि नेपालगञ्जसम्मका उत्पादक तथा व्यापारीहरूले करीब ४२ हजार टन गै.का.व.पै.हरू बिक्री गरी वर्षेनी २ करोड ६० लाख अमेरिकी डलर बराबरको व्यापार गरेको देखिन्छ (सुवेदी १९९७) । नेपालमा उत्पादन भएकोमध्ये करीब ९० प्रतिशत पैदावारको निर्यात गर्ने गरिन्छ (इडवार्ड १९९६) ।

मानिसका गलत क्रियाकलापहरूले गर्दा प्राकृतिक स्रोतहरूको अत्याधिक दोहन भइरहेको छ । यसका कारण केही औषधिजन्य वनस्पतिहरू लोप हुने अवस्थामा छन् । यिनको दिगो व्यवस्थापन गर्न नसकेका कारण यिनीहरू लोप हुन लागेका हुन् । यसकारण विभिन्न संघसंस्थाहरू, व्यवसायीहरू, अध्ययनकर्ताहरू तथा विद्वानहरूबीच गै.का.व.पै.को व्यवस्थापनमा रुचि बढेको पनि छ (बेल्चर २००५, सुवेदी २००६) । हिजोआज विभिन्न विकासोन्मुक देशहरूले गै.का.व.पै.को प्रवर्द्धन तथा व्यवस्थापनको लागि आफ्ना राष्ट्रिय नीतिहरू बनाइरहेका छन् । विगत दुई दशकदेखि नेपालले पनि आफ्ना नीतिगत अवधारणाहरूमा गै.का.व.पै.लाई महत्व दिएको पाइन्छ (बन्जाडे र पौडेल २००८) ।

नेपालमा सन् १९७८ मा वन स्रोतलाई जनसहभागितामार्फत् व्यवस्थापन गर्ने नीति लिइयो । त्यतिबेला सुरूमा पञ्चायती वन र पञ्चायत संरक्षित वनको रूपमा सरकारी वन स्थानीय निकायलाई हस्तान्तरण गर्ने परिपाटी विकसित गरियो । तर यसको एक दशकपछि वन विकास गुरूयोजना (१९८८) मा जनसहभागिता जुटाई वन स्रोतको दिगो व्यवस्थापन गर्ने योजना समाविष्ट भयो । परिणामस्वरूप वन ऐन २०४९ र वन नियमावली २०५१ मा गुरूयोजनाका व्यवस्थालाई कानुनी रूप प्रदान गरियो । यसरी तयार भएको वन नीति एसियामै एक नमुनाको रूपमा रहेको मानिन्छ ।

सामुदायिक वनको अवधारणाबाट ग्रामीण क्षेत्रका मानिसहरूमा वनप्रति अपनत्वको भावनाको विकसित भएको छ । तर पनि यी सामुदायिक वनभित्र रहेका र अपार संभाव्यता भएका गै.का.व.पै.हरूको सदुपयोग हुन सकेको छैन । यिनको सम्भाव्यता अनुसार उपयोग गरिएको पाइँदैन । त्यस्ता धेरै गै.का.व.पै.हरू छन् जसलाई हालसम्म प्रयोगमा ल्याइएकै छैन । तैपनि तिनको सही उपयोग गरेर ढिलोचाँडो समुदायमा आधारित उद्यममार्फत् प्रवर्द्धन गर्न सकिने प्रचुर सम्भावना छ । कहिलेकाहीं समुदायमा ज्ञान र संस्थागत क्षमताको कमीले गर्दा पनि गै.का.व.पै.को अधिकतम् रूपमा प्रयोगमा ल्याउन नसकिएको हुन सक्छ । समुदायमा आधारित उद्यमहरू पनि सरकारी नीति नियमबाट प्रभावित रहेका हुन्छन् । साथै यस्ता उद्यमहरूलाई उद्यमशीलता, बजारको पहुँच, नयाँ प्रविधि इत्यादिले पनि प्रभाव पार्ने गर्दछन् ।

नेपालको सरकारी नीतिअनुसार सरकारले दशौं योजना अवधि (सन् २००२-२००७) सम्म सातवटा वंशाणु संरक्षण केन्द्र (Gene Bank) स्थापना गरेको छ । यसैगरी चालू आ.व. (सन् २००८/०९) मा पनि कृषिक्षेत्र सुधार योजना प्राथमिकताका साथ अगाडि सारिएको छ । बजेट वक्तव्यमा वन तथा कृषिमा आधारित उद्यमहरूको विकासबाट वैदेशिक मुद्रा आर्जन गर्ने नीति पनि लिइएको छ । यसका साथै सार्वजनिक जग्गामा जडिबुटी खेती गरेर गरीबी न्यूनीकरणमा जोड दिइएको छ । (चालू आ.व. सन् २००८/०९) मा १ करोड १५ लाख औषधीय गुण भएका विरूवा, वेत तथा डालेघाँसका बेर्ना उत्पादन गर्नुका साथै कर्णाली अञ्चलमा एउटा जडिबुटी प्रशोधन केन्द्र खोल्ने लक्ष्य लिइएको छ । जैविक विविधताको अपार सम्भाव्यतालाई सदुपयोग गर्ने हेतुले सरकारले एक गाउँ एक उत्पादनको नीति पनि अघि सारेको छ ।

### विगतका सरकारी नीतिहरूको एक झलक

सन् १९२६ अघि सरकारले वन क्षेत्र फडानी गरी कृषिभूमिमा परिणत गर्ने नीति अपनाएको थियो । त्यसताका वनक्षेत्रको व्यापक दुरुपयोग गरिएको पाइन्छ । तर सन् १९५७ मा सरकारले वन जङ्गलहरू राष्ट्रियकरण गर्ने नीति ल्यायो । त्यसपछि स्थानीय जनतामा वनप्रति अपनत्व भावमा कमी आयो र वन विनाशको गति तीव्र भयो । यसका त्रुटीहरू हटाउने अभिप्रायले सन् १९७० को दशकमा जनसहभागिताबाट वन व्यवस्थापन गर्ने नीति अघि सारियो । अहिले आएर विभिन्न किसिमका क्षेत्रगत तथा अन्य ऐन नियमवाली, मार्गदर्शन (तालिका १) आदिबाट वन व्यवस्थापन तथा सदुपयोगलाई

व्यवस्थित गर्न खोजेको पाइन्छ। यी सबै नीतिगत व्यवस्थाले गै.का.व.पै. विकासमा पनि कुनै न कुनै रूपमा प्रभाव पारेका छन्।

**तालिका १: गै.का.व.पै. व्यवस्थापनलाई असर पार्ने राष्ट्रिय स्तरका नीतिगत दस्तावेज**

| क्षेत्रगत ऐन र नीतिहरू | क्षेत्र-बाह्य ऐन र नीतिहरू |
|---|---|
| • वन विकास गुरू योजना १९८८<br>• वन ऐन २०४९<br>• वन नियमावली २०५१<br>• सामुदायिक वन मार्गदर्शन १९९६, २००५<br>• साझेदारी वन व्यवस्थापन मार्गदर्शन २००३<br>• गै.का.व.पै. नीति २००४ | • औद्योगिक उद्यम ऐन १९९२<br>• कम्पनी ऐन १९९६<br>• सहकारी ऐन १९९२<br>• आयकर ऐन २००२<br>• मुल्य अभिवृद्धि कर ऐन १९९६<br>• वातावरण संरक्षण ऐन १९९६<br>• स्थानीय स्वशासन ऐन १९९९<br>• खाद्य ऐन १९६६<br>• दशौं पञ्चवर्षीय योजना तथा तीनवर्षे अन्तरिम योजना |

तालिका १ मा गै.का.व.पै.लाई असर पार्ने मुख्य नीति तथा कानुनी दस्तावेजहरूको एक झलक प्रस्तुत गरियो भने नेपालको वन क्षेत्रसँग सम्बन्धित मुख्य नीति तथा कानुनी दस्तावेजमा समेटिएका प्रावधानको सङ्क्षिप्त विवरण तालिका २ मा दिइएको छ।

**तालिका २: वनक्षेत्रसित सम्बन्धित मुख्य नीति तथा सम्बन्धित क्षेत्र**

| वन नीति | सम्बन्धित क्षेत्र तथा प्रावधान |
|---|---|
| वन विकास गुरूयोजना १९८८ | • सामुदायिक वन र वन संरक्षण<br>• जनताको वनसम्बन्धी आधारभूत आवश्यकता परिपूर्ति<br>• प्रजाति संरक्षण<br>• पारिस्थितिकीय प्रणाली सन्तुलनको लागि वातावरण संरक्षण<br>• जनतालाई लाभांश प्रदान गर्न वनको सदुपयोग<br>• अति मूल्यवान् गै.का.व.पै.हरूको संरक्षण तथा व्यवस्थापन |
| वन ऐन १९९३ | • जनताको वनजन्य आधारभूत आवश्यकता परिपूर्ति<br>• आर्थिक विकास<br>• जनसहभागिताबाट विभिन्न किसिमका वनको संरक्षण |
| दशौं पञ्चवर्षीय योजना | • आय तथा रोजगारी प्रवर्द्धन<br>• गै.का.व.पै. एवं जडिबुटीको उद्यम विकास<br>• मूल्यवान् गै.का.व.पै.को खेती तथा विस्तारमा जोड<br>• वनमा आधारित उद्यममा जोड |
| गै.का.व.पै.नीति २००४ | • गै.का.व.पै. विकासमा लगानी प्रवर्द्धन<br>• स्थानीय प्रशोधनमा जोड<br>• अति मुल्यवान् गै.का.व.पै.को संरक्षण एवं सर्म्वधनमा जोड |
| स्थानीय स्वशासन ऐन १९९९ | • स्थानीय निकायलाई प्राकृतिक स्रोत परिचलनमा सशक्तीकरण<br>• स्थानिय प्राकृतिक स्रोतको नियन्त्रणमा स्थानीय निकाय र र उपभोक्ता समूहबीच अस्पष्टता |
| सहकारी ऐन १९९२ | • सहकारी संघसंस्था स्थापना गर्न पाउने। |
| औधोगिक प्रतिष्ठान ऐन १९९२ | • खानी तथा ठूला उद्योगहरू स्थापना हुन सक्ने<br>• एकद्वार प्रणाली विकास |

## गैरकाष्ठ वन पैदावरमा आधारित उद्यम विकासमा बाह्य सहयोग

सामुदायिक वन उपभोक्ता समूहहरूले विभिन्न सरकारी र गैरसरकारी संस्था तथा दातृनिकायबाट सञ्चालित परियोजना तथा कार्यक्रमहरूबाट सहयोग पाउँदै आएका छन् । पूर्वी नेपालको कोशी पहाडी जिल्लाहरूमा बेलायत सरकारको आर्थिक सहयोगमा जीविकोपार्जनका लागि वन कार्यक्रम (एल.एफ.पी.) सन् २००१ देखि सञ्चालित छ । यस कार्यक्रमले यसअघि बेलायत सरकारकै सहयोगमा सुरू गरिएका परियोजनाहरूका सिकाइका आधारमा नयाँ पद्दतिअनुसार काम गरिरहेको छ । वन पैदावारमा आधारित उद्यम स्थापना र दिगो सञ्चालनका क्रममा एल.एफ.पी. लगायत सरकारी र निजी संस्थाहरूले सहयोग पुर्‍याउँदै आएका छन् । उदाहरणका लागि उत्पत्तिको प्रमाणपत्र, निकासी परमिट, वन पैदावार सङ्कलन लाइसेन्स, साइटिस प्रमाणपत्र, क्वारेन्टाइन लगायतका प्रक्रियामा बाह्य संस्थाहरूको भूमिका रहेको हुन्छ । तर स्थानीय जनतालाई प्राविधिक र आर्थिक सहयोग, बजार तथा प्रविधिमा पहुँच, समूह वा सहकारी स्थापनालगायतका पक्षमा परियोजना तथा गैरसरकारी संस्थाहरू संलग्न रहेका हुन्छन् । कहिलेकाहीं भिन्नभिन्न उत्तरदायित्व बहन गरेका संघसंस्थाहरूबाट गै.का.व.पै.को व्यापार प्रक्रियामा वाधा व्यवधान पनि आउने गर्दछ । तल बक्स १ मा एल.एफ.पी. समेतको सहयोगमा नेपाली हाते कागज उद्योग सुरू भएकोबारे उदाहरण प्रस्तुत गरिएको छ ।

**बक्स १: आय र रोजगार वृद्धि गर्नमा नेपाली हाते कागज उद्योग**

साल्पाथुलिम्पा सामुदायिक वन भोजपुर जिल्लाको दोभाने गा.वि.स.मा पर्दछ । उक्त ठाउँ जिल्ला सदरमुकामबाट २२ माइल टाढा रहेको छ । यो सामुदायिक वनले १०९३ हेक्टर क्षेत्रफल ओगटेको छ । यसका उपभोक्ताका रूपमा शेर्पा र तामाङ्ग समुदायका मानिसहरू छन् । एल.एफ.पी., जिल्ला वन कार्यालय तथा सामूहिक अभियान नामक स्थानीय गैर सरकारी संस्था गरी तीन संस्थाको संयुक्त प्रयासबाट स्थानीय स्रोत व्यवस्थापन, उद्यम सञ्चालन तथा जीविकोपार्जनका गतिविधिमा सहयोग गरिएको छ । हाते कागज उद्यम सञ्चालन गर्नको लागि सन् २००८ मा गरिएको वनमापनबाट वार्षिक रूपमा ६३५० के.जी. कच्चा पदार्थ (लोक्ता) सङ्कलन गर्न सकिने देखियो । उक्त वनमापनपश्चात् बारम्बार समूह सदस्यहरु बीच व्यापक छलफल भयो र उक्त सामुदायिक वन उपभोक्ता समूह हाते कागज उद्योग स्थापना गर्न सक्षम भयो । हाल उक्त उद्योग जिल्ला घरेलु उद्योग कार्यालयमा दर्ता भई सञ्चालन भइरहेको छ । यस उद्योगले नियमित रूपमा प्राप्त ६ जना स्थानीय व्यक्तिहरूलाई रोजगार दिइएको छ र उनीहरूले मासिक रु.४५०० आम्दानी गरि रहेका छन् ।

## गैरकाष्ठ वन पैदावार उद्यम विकास नीतिगत कठिनाइहरू

कोशी क्षेत्रमा वनजन्य वस्तुमा आधारित व्यवसायहरू सञ्चालन भएतापनि धेरै किसिमका नीतिगत समस्याहरू देखिएका छन् । ती समस्याहरुका बारे तल वर्णन गरिएको छ ।

### *विरोधाभासपूर्ण नीतिगत तथा कानुनी प्रावधान*

स्थानीय स्वायत शासन ऐन (सन् १९९९) ले स्थानीय निकायलाई कानुनी रूपमा स्थानीय स्रोतहरूको परिचालन र प्रयोग गर्ने सम्बन्धमा अधिकार प्रदान गरेको छ । यसको यो प्रावधान वन ऐन ( सन् १९९३) सित विरोधाभासपूर्ण बन्न गएको छ र यसबाट वनमा आधारित र खासगरी गै.का.व.पै.मा आधारित उद्यम विकास प्रक्रियामा द्विविधा र दोहोरोपनको अवस्था सिर्जना भएको छ । यसका साथै वन ऐन र स्थानीय स्वायत्त शासन ऐन बमोजिम क्रमशः केन्द्रिय सरकार र स्थानीय निकायले गै.का.व.पै.मा कर लिन सुरू गरेका छन् । त्यसैगरी गैरकाष्ठ वन पैदावार नीति २००४ ले उत्पादन, प्रशोधन र व्यापारमा निजी क्षेत्रको सहभागिताबारे उल्लेख गरेको भएपनि सरकारले निजी क्षेत्रको सहभागिताको उपयुक्त वातावरण बनाएको छैन । नयाँ नीतिहरूले जोड दिएको भए तापनि व्यवहारमा अहिलेका वन नीति र व्यवस्थापन प्रणालीबाट आशातीत राजश्व सङ्कलन, आयवृद्धि र

रोजगारी सिर्जना हुन सकिरहेको छैन । यसरी सरकारी नीति र कार्यनीति तथा यसका भनाइ र गराइमा फरक देखिन्छ (पराजुली र लुईंटेल २००६) ।

## *उद्योग व्यवसाय दर्ता र सामुदायिक वन हस्तान्तरणका जटिल प्रक्रिया*

वनमा आधारित उद्योग दर्ता गर्ने क्रममा उद्योगको क्षमतामाथि बढी ध्यान दिइएको पाइन्छ । यस अनुसार यदि उद्योगले उही जातको कच्चा पदार्थ ५ टनसम्म सङ्कलन गर्ने भएमा सम्बन्धित विभाग वा कार्यालयको स्वीकृत पत्र लिएर जिल्ला घरेलु उद्योग कार्यालयमा दर्ता गर्न सकिन्छ । तर उद्योगले ५ देखि ५० टन सम्मको कच्चा पदार्थ प्रयोग गर्नु पर्ने भएमा वातावरण संरक्षण नियमावली अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई.) को प्रतिवेदन पेश गर्नु पर्दछ । यदि उद्योगले ५० टनभन्दा बढी कच्चा पदार्थ प्रयोग गर्ने भएमा वातावरणीय प्रभाव मूल्याङ्कन (इ.आइ.ए.) को प्रतिवेदन पेश गर्नु पर्दछ । आई.ई.ई. र ई.आई.ए. दुवै प्रक्रिया जटिल हुने र लामो समय लाग्ने भएका कारण उद्यमीहरूले यस्तो प्रकृयामा रूची देखाएको पाइँदैन । त्यसैगरी नेपाल सरकारले हालसालै नयाँ नीतिमा आई.ई.ई. र ई.आई.ए.को प्रावधान सामुदायिक वन हस्तान्तरणमा पनि राखेको छ । यसमा वनको क्षेत्रफल २०० र ५०० हेक्टरभन्दा बढी भएमा क्रमशः आई.ई.ई. र ई.आई.ए. प्रतिवेदन तयार पार्नुपर्ने प्रावधान समाविष्ट छ । यसका कारण सामुदायिक वन हस्तान्तरण प्रक्रिया कठिन हुनका साथै स्थानीय स्तरमा दक्ष प्राविधिकहरूको आवश्यकता पनि परेको छ । यसले गर्दा स्थानीय जनतामा आर्थिक र अन्य बोझहरू थपिएका छन् । यसका कारण स्थानीयस्तरमा गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवसाय स्थापनामा कठिनाइ परेको छ ।

## *गैरकाष्ठ वन पैदावारको व्यापारमा बहुकर प्रणाली*

केन्द्रीय र स्थानीय सरकारले गै.का.व.पै.को व्यापारमा विभिन्न किसिमका करहरू लगाएका छन् । नेपाल सरकारले विभिन्न गै.का.व.पै.को व्यावसायिक सङ्कलन तथा व्यापारमा राजश्व र करहरू लिने प्रावधान राखेको छ । भन्सार नीति र नियमावलीमा पनि बाहिर निकासी हुने सामान तथा वस्तुमा मूल्य अभिवृद्धि कर (मू.अ.क.) लागू गरेको छ । भन्सार कार्यालयमा मालवस्तु पुग्दा स्पष्ट रूपमा उल्लेखित एच.एस.कोड अथवा मूअक बिजक पेश गर्नुपर्दछ । औषधीजन्य जडीबुटीको हकमा भन्सार छुट दिइएको भए पनि अन्तर्राष्ट्रिय वस्तुको ओसारप्रसारमा खास कुन एच.एस.कोड अन्तर्गतका पैदावारमा छुट दिइएको हो भन्ने उल्लेख भएको छैन । त्यसैले भन्सार छुटको प्रयोजन गै.का.व.पै.निकासीमा महत्वहीन भएको छ । जिल्लास्तरमा स्थानीय निकायबाट लागू गरिएको वन कर प्रणाली अझ पनि प्रचलनमा छ । स्थानीय स्वायत्त शासन ऐनले दिएको अधिकार अर्न्तगत जिल्ला विकास समिति (जि.वि.स.) ले गै.का.व.पै.मा दुई तरिकाबाट राजश्व वा कर सङ्कलन गर्दछ । जि.वि.स.ले जिल्ला वन कार्यालयमा सङ्कलन भएको राजश्व रकमको १० प्रतिशत लिने गर्दछ । साथै स्थानीय स्वायत्त शासन ऐनअनुसार पनि थप केही करहरू सङ्कलन गर्ने गर्दछ । यसका साथै व्यापारीहरूले कुनै मालवस्तु एक जिल्लाबाट अन्यत्र लैजाँदा बाटामा पर्ने प्रत्येक चेकपोष्टमा औपचारिक वा अनौपचारिक रूपमा पनि रकम बुझाउनु पर्दछ । स्थानीय स्वायत्त शासन ऐन १९९९ को दफा २१५ मा जि.वि.स.ले जिल्ला परिषद्बाट पारित गराएर कुनै पनि उत्पादनमा कर लगाउन पाउने उल्लेख छ । तर यसको विपरीत स्थानीय स्वायत्त शासन नियमावली २००० को अनुसूची २३ मा आफ्नो जिल्लाभित्र उत्पादित वस्तुहरूमा मात्र जि.वि.स.ले कर लगाउन पाउने कुरा उल्लेख छ । उक्त नियमावलीमा एउटा जि.वि.स.ले खास मालवस्तुमा निकासी कर लिइसकेपछि सोही मालवस्तुमा अर्को जि.वि.स.ले कर लिन नपाउने व्यवस्था छ । उक्त नियमावलीबाट केही कुराहरू स्पष्ट भएता पनि ऐनका व्यवस्थाबाट केही हदसम्म द्विविधा उत्पन्न भएको छ । धेरैजसो जि.वि.स.हरूले आफ्नो हितअनुकूल ऐनको व्याख्या गरी अर्को जिल्लाबाट आएका सामानमा पनि

निकासी कर लिने गर्दछन् । सर्वोच्च अदालतले पनि जि.वि.स.ले कर उठाउन पाउने आदेश दिएको छ । यी यावत् कारणले गर्दा कर प्रणालीमा द्विविधा र विवाद कायमै छ ।

## *गैरकाष्ठ वन पैदावारसम्बन्धी अनुपयुक्त राजश्व प्रणाली*

गैरकाष्ठ वन पैदावारसम्बन्धी कर प्रणाली अनुपयुक्त रहेको कुरा कम्तीमा दुई किसिमले हेर्न सकिन्छ । पहिलो, व्यक्तिगत स्वामित्वमा रहेका जग्गामा उत्पादित पैदावार तथा सामुदायिक वनमा उत्पादित पैदावार दुवैबाट सरकारी वनबाट सङ्कलन गरिएको पैदावारसरह राजश्व सङ्कलन गरिन्छ । यो कानुनी व्यवस्था विपरीत रहेको छ । गैरकाष्ठ वन पैदावारहरू मुख्यतया वनबाट सङ्कलन गरिन्छन् र यिनको घरेलुकरण पनि त्यति हुन सकेको छैन । जम्माजम्मी २० प्रतिशतभन्दा कम गै.का.व.पै.हरू व्यक्तिगत जग्गाबाट सङ्कलन गरिएका हुन्छन् र बाँकी सबै प्राकृतिक वनबाट प्राप्त हुने गर्दछ (नेपाल नेचर डटकम २००५, देवकोटा २००६ बाट उद्धृत) । सरकारले राष्ट्रिय वनबाट सङ्कलित गैरकाष्ठ वन पैदावारबाट मात्र राजश्व उठाउन सक्ने कानुनी व्यवस्था छ । तर कुन वस्तु कहाँबाट सङ्कलन गरिएको हो भन्ने कुराको वस्तुनिष्ठ निर्क्योल नगरीकनै सरकारी वनबाट ल्याएसरह राजश्व असुली गरिएको पाइन्छ । कोशी पहाडी क्षेत्रका जिल्ला वन कार्यालय तथा सहयोगी संस्था समेतले किसानहरूलाई चिराइतोको व्यावसायिक खेती गर्न प्रोत्साहित गर्ने गरेका छन् । तर अन्तमा बिक्री गर्ने बेलामा जिल्ला वन कार्यालयले यसको उत्पादन क्षेत्रको बारेमा प्रश्न उठाउने समेत गरेको पाईन्छ । फलस्वरुप जिल्ला वन कार्यालयबाट स्वीकृत पत्र लिनका लागि किसानहरूले धेरै समस्याहरू भेल्नु पर्दछ । यसले गर्दा चिराइतोको व्यावसायिक खेतीमा व्यावहारिक रूपमा प्रोत्साहन मिलेको छैन ।

माथि उल्लेखित बाहेक अर्को समस्या गै.का.व.पै.को राजश्व निर्धारणसँग सम्बन्धित छ । राजश्व निर्धारणमा विभिन्न जटिलताहरू छन् । धेरैजसो गै.का.व.पै.का राजश्व दरहरू स्पष्ट आधारबिना नै निर्धारित गरिएका छन् । तालिका ३ मा केही जडिबुटीहरूको उदाहरण लिएर सरकारी राजश्व दर बजारमूल्यको तुलनामा कसरी हचुवा रहेको छ भन्ने देखाइएको छ । उदाहरणका लागि बहुवर्षीय बालीहरू सिट्रोनेला, पामारोजा र लेमनग्रासको दर एउटै राखिएको छ । तर सिट्रोनेलाको बजारमूल्य लेमनग्रास र पालमारोजाको भन्दा कम छ । त्यस्तै लोक्ता र अर्गेलीको राजश्वदर पनि एकै रहेको छ । तर यिनको बजारभाउ भने फरक रहेको स्पष्टै छ । तसर्थ वर्तमान राजश्वदर वैज्ञानिक नभएको स्पष्ट हुन्छ ।

**तालिका ३: सरकारी राजश्वदर र बजारमूल्यको तुलना**

| प्रजाति | सरकारी राजश्व (रु. प्रति केजी) | जि.वि.स. कर (रु. प्रति केजी) | तयारी वस्तु काठमाडौंको बजारमूल्य (रु. प्रतिकेजी) | राजश्व प्रतिशत (बजार मूल्यको) |
|---|---|---|---|---|
| लोक्ता | ५ | ३.७५ | ४२५ | २.०५ |
| अर्गेली | ५ | ३.७५ | ३२५ | २.६९ |
| लेमनग्रास | १ | १ | १,२०० | ०.१६ |
| सिट्रोनेला | १ | १ | ६०० | ०.३३ |
| पामारोजा | १ | १ | १,००० | ०.१ |

यी समस्याका साथै तोकिएको राजश्वदर कच्चा पदार्थ वा तयारी वस्तु केमा लागू हुने हो भन्ने पनि प्रष्ट रूपमा उल्लेख गरिएको छैन । त्यसैगरी भन्सार कार्यालयले गै.का.व.पै.को निकासीका क्रममा यसको बजारमूल्यको ५ प्रतिशतका दरले दस्तुर लगाउँछ । तर त्यसमा पनि कुन बजारमूल्यलाई आधार मानिने हो भन्ने स्पष्ट छैन । वस्तु सङ्कलन गरिएको क्षेत्र, निकासी विन्दु तथा

अन्तर्राष्ट्रिय बजारमा बजारमूल्य फरक हुने गर्दछ । तसर्थ भन्सार कार्यालयले हचुवाको भरमा नै कर दस्तुर असुली गरिरहेको छ ।

## *गैरकाष्ठ वन पैदावार सङ्कलन तथा व्यापारमा प्रतिबन्ध*

सरकारले केही गै.का.व.पै.को सङ्कलन, व्यापार, ओसारपसार तथा निर्यातमा प्रतिबन्ध लगाएको छ । केही प्रजातिको हकमा कच्चा वा प्रशोधित दुवै रूपमा निकासी प्रतिबन्धित छ । अन्य केही प्रजातिहरू प्रशोधन गरेर मात्र निकासी गर्न सकिन्छ । प्रतिबन्धसम्बन्धी यी व्यवस्था खास अध्ययन नगरीकन नै हचुवाका भरमा गरिएका थिए । व्यापारीहरूले कतिपय वस्तुहरू प्रशोधन नगरिकनै निकासी गर्न रुचाउँदछन् । यसका खास कारण पनि रहेका छन् । उदाहरणका लागि चिराइतोमा मिसावटको प्रवल सम्भावना भएकाले अन्तर्राष्ट्रिय बजारमा यसलाई अप्रशोधित रूपमा नै किन्न खोजिएको पाइयो । मध्य पश्चिमका गै.का.व.पै.मा संलग्न व्यापारीहरूको भनाई अनुसार प्रारम्भिक प्रशोधन, सफाइ आदि गर्दा पनि प्रशोधनकर्ताले खासै राम्रो मूल्य पाउन सकेनन् । भारतीय बजारका व्यापारीहरूले कच्चा अप्रशोधित वस्तु नै खरिद गर्न रूचाए र उनीहरूले प्रशोधित वस्तुलाई बढी पैसा तिरेनन् । प्रशोधित वस्तुको अन्तर्राष्ट्रिय बजारमूल्यबारे पूर्व जानकारी भएमा मात्र उक्त वस्तुलाई प्रशोधित अवस्थामा निकासी गर्न सकिन्छ । यसका साथै के कस्ता कामलाई प्रशोधन भनेर मान्ने भन्नेमा पनि अस्पष्टता रहेको छ । त्यसैगरी गै.का.व.पै.को कसरी प्रशोधन गर्ने भन्ने बारेमा स्थानीय स्तरमा ज्ञान र सीपको पनि अभाव देखिएको छ ।

## *गैर काष्ठ वन पैदावार सङ्कलनमा दिगोपन नहुनु*

कानुनतः जिल्ला वन कार्यालयले गै.का.व.पै.को निकासीका लागि इजाजत दिने गर्दछ । जुनसुकै व्यक्तिले जिल्ला वन कार्यालयको अनुमति लिएर गै.का.व.पै. सङ्कलनका लागि अनुमति पाउन सक्दछ । प्रायजसो एउटा वन क्षेत्रमा एक जना भन्दा बढी व्यक्तिलाई सङ्कलन पुर्जी दिइने गरिन्छ । यसले गर्दा सङ्कलनमा अस्वस्थ प्रतिस्पर्धा हुन जान्छ र परिणामस्वरूप स्रोतको अत्यधिक दोहन हुन जान्छ । यसका कारणले उक्त क्षेत्रमा गै.का.व.पै. विस्तारै हराउदै जान्छ (बक्स २) । वन कार्यालयबाट अनुमति पाएका सङ्कलनकर्ताहरू नाफामुखी हुने हुनाले वनको दीर्घकालीन उपयोगवारे त्यति वास्ता गर्दैनन् । यसरी जथाभावी रूपमा सङ्कलन भएबाट वन स्रोतहरू नष्ट भई प्रजातिहरू लोप हुने स्थिति पनि देखा परेको छ ।

**बक्स २: गैरकाष्ठ वन पैदावारको उपलब्धतामा आएको कमीबाट सीमान्त परिवारमा परेको मर्का**

संखुवासभा जिल्लाको तामाफोक गाविस वडा नं. ९ ओखेका वासिन्दा विष्णुमाया वि.क. खेती र वनमा आधारित परम्परागत जीविकामा निर्भर रहदै आएकी छन् । उनको आठ जनाको परिवारले भिरालो र रूखो तीस रोपनी जग्गाबाट आफ्नो जीविका चलाउँदै आएको छ । उनले उक्त जग्गामा आलु, बेसार, मकै र अदुवा खेती गर्छिन् । उनीहरूसित एक हल गोरू, केही भैंसी, बाखा र कुखुरा रहेका छन् । जमिनको खस्कँदो उर्वरशक्ति र घट्दो उत्पादनबाट उनीहरूको जीविकामा गम्भीर चिन्ता पैदा भएको छ । उनको जग्गाको उब्जनीबाट ६ महिनासम्म खान पुग्दछ र बाँकी समयको जीविकाका लागि उनीहरू अर्कै उपाय खोज्न बाध्य छन् । विष्णुमायाले गत वर्ष आफ्नै जग्गामा सात के.जी. चिराइतो बनाइन् । यसअघिदेखि नै उनले नजिकै रहेको सरकारी वनवाट केही चिराइतो ल्याई प्रति किलो रु.२५०।- मा स्थानीय व्यापारीलाई बेच्ने गर्दथिन् । विगतमा उक्त वनबाट प्रतिदिन १० के.जी. चिराइतो ल्याउने गर्दथिन् तर केही वर्षयता उनले दुई तीन के.जी. पनि मुश्किलले जम्मा पार्छिन् । सरकारले निजी व्यापारीलाई चिराइतो सङ्कलन गर्न दिएपछि यसको उपलब्धता अप्रत्यासित रूपमा घटेको विष्णुमाया बताउँछिन् । यसरी आम्दानी घटेपछि उनको परिवार खाद्यान्न अभाव हुने महिनाहरूमा जङ्गली कन्दमूल र वनस्पति सङ्कलन गर्न विवश बनेको छ । तीन वर्षपछि मात्र चिराइतो सङ्कलन योग्य हुन्छ भन्ने थाहा हुँदाहुँदै पनि कलिलैमा सङ्कलन गर्ने उनको बाध्यता छ । कलिलैमा सङ्कलन गरिएको चिराइतोको गुणस्तर कमसल हुन्छ र कम वजनका हुने भएकाले मूल्य पनि कमै पाइन्छ । केही वर्षदेखि कलिलैमा चिराइतो सङ्कलन गरिएकाले भविष्यमा यो पुरै लोप होला कि भन्ने उनलाई पिर पनि परिरहेको छ ।

## *प्रतिस्पर्धात्मक ग्रामीण उद्यम विकासमा सरकारी उदासिनता*

नेपाल सरकार नीतिनियम बनाएपछि सबै काम सकिएको जस्तो मानसिकतामा रहेको देखिन्छ । निजी क्षेत्रलाई गै.का.व.पै.मा आधारित उद्योग व्यवसाय सुरू गर्न तर्फ आकर्षित गर्न र मैत्रीपूर्ण वातावरण बनाउन सरकारले पनि सहयोगी भूमिका खेल्नुपर्दछ र विशेषत: गैरकाष्ठ वन पैदावार व्यवस्थापन, बजार, वित्त, पूर्वाधार र प्रविधिजस्ता क्षेत्रमा सहयोग गर्नु पर्दछ ।

साधारणतया सामुदायिक उद्यमहरूले बजारको अध्ययनबिना नै आफ्ना पैदावारहरू उत्पादन गरेका छन् । बाहिरको बजारको विश्लेषण नगरी कतिपय समुदायमा आधारित वन उद्यमहरूले सामान उत्पादन गरेको पाइन्छ । उनीहरूसित बाह्य प्रतिस्पर्धी बजारको अनुभव र जानकारी कम रहने गरेको छ । तर पनि केही भारतीय व्यापारीसँगको सम्बन्धका आधारमा कोशी क्षेत्रका केही खास व्यक्तिहरूले उद्यम सञ्चालन गरिरहेका छन् । यस्ता व्यापारीहरूले गै.का.व.पै.को मूल्य र निर्यातमा प्रभाव र नियन्त्रण जमाएका हुन्छन् । यसका साथै कोशी क्षेत्रमा वन उद्यम विकासका सन्दर्भमा थुप्रै समस्याहरू पनि रहेका छन् (बक्स ३) ।

**बक्स ३: कोशी क्षेत्रका वनमा आधारित उद्यममा लगानी मैत्री वातावरण नहुनुका कारणहरु**

- उद्यमहरूमा ठोस व्यापारिक योजना तथा उद्यम व्यवस्थापनको कमी ।
- बजारसम्बन्धी ज्ञानको कमी ।
- व्यवस्थापन समितिहरूले उद्यमलाई उपलब्ध हुनसक्ने आर्थिक स्रोत परिचालन गर्न नसक्नु ।
- गै.का.व.पै.मा आधारित उद्यमहरूको कार्यप्रगति सुदृढ नहुनु ।
- फोन, सडक, विद्युत आदि जस्ता आधारभूत सुविधाहरू उपलब्ध नहुनु ।
- धेरैजसो गै.का.व.पै.मा आधारित उद्यमहरू दुर्गम क्षेत्रमा रहेकाले वित्तीय संस्थाहरू तिनमा लगानी गर्न इच्छुक नहुनु ।
- उद्यम प्रवर्द्धनमा सरकारको उत्साहजनक नीति नहुनु ।
- पहाडी क्षेत्रबाट उद्यमका सामानहरू काठमाडौं पठाउँदा चर्को हवाइ भाडा लाग्नु ।

उपयुक्त र आधुनिक किसिमका प्रविधिको अभाव रहेका कारणले पनि कोशी क्षेत्रका वनमा आधारित उद्यमहरू फस्टाउन सकेका छैनन् । सरकारले भन्सार छुटजस्ता व्यवस्थाबाट प्रविधिमा पहुँच सहज बनाउने नीति ल्याएको देखिंदैन । कमजोर प्रविधि र व्यवस्थापनका कारण धनकुटामा रहेको सुगन्धित तेलको उद्यम फस्टाउन पाएको छैन । तिनजुरेमा रहेको नेपाली कागज उद्यममा समेत विविधीकरणको समस्या देखिन्छ । यसले नेपाली कागजबाट फाइल, खामहरू, पेन होल्डर, डायरी तथा अन्य हस्तकलाका चिजहरू बनाउन सकेको छैन । यसैगरी कोशी क्षेत्रमा रहेका सुगन्धित तेल उद्यमहरूले सिट्रोनेला बाहेकका प्रजातिबाट तेल निकाल्न समस्या भोगिरहेका छन् ।

## *नागरिक समाजको कम प्रभाव*

नेपालको वन क्षेत्रमा सदस्यतामा आधारित नागरिक समाज संगठनहरू केही संख्यामा क्रियाशिल रहेका छन् । उदाहारणका लागि सामुदायिक वन उपभोक्ता महासंघ, सामुदायिक वन सहयोगी सञ्जाल र हिमवन्तीजस्ता संस्थाहरू प्राकृतिक स्रोत व्यवस्थापनको क्षेत्रमा कार्यरत् छन् । त्यसैगरी गै.का.व.पै.का विषयमा अनुसन्धान गर्ने संस्थाहरू एकदम थोरै छन् । समुदायमा आधारित रहेका केही संस्थाहरू गै.का.व.पै.को क्षेत्रमा नीतिगत सुधारमा लागेका पनि देखिन्छन् । तर ती संस्थामा प्राविधिक रूपले दक्ष व्यक्तिहरू पनि एकदम थोरै छन् (व्यक्तिगत सम्पर्क, बल बहादुर राई) । आर्थिक स्रोतको कमीले गर्दा पनि सामुदायिक वन उपभोक्ता महासंघजस्ता संस्थाहरू नीतिगत सुधारको कार्यमा द्रुत गतिले नलागेको देखिन्छ ।

## *निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण नहुनु*

निजी लगानीकर्ताले जहाँ नाफा देख्छ र प्रविधि तथा बजारको समुचित व्यवस्था देख्छ, त्यहीं लगानी गर्न चाहन्छ । गै.का.व.पै.मा आधारित उद्यमहरूमा यस्तो किसिमको वातावरण बन्न सकेको पाइँदैन । उदाहरणका लागि तलको बक्स ४ हेर्नुहोला ।

**बक्स ४: सरकारी नीतिका कारण गैरकाष्ठ वन पैदावार उद्यमी निराश भए**

तिलक थापाले रु. १५,००,०००।- लगानी गरी धनकुटाको भेडेटारमा जडिबुटी प्रशोधन इकाइ स्थापना गरेका थिए । उनी आफ्नो व्यवसायप्रति आशावादी र उत्सहित पनि बनेका थिए । उनले उक्त इकाइबाट तितेपाती र तेजपातको तेल निकाल्न खोजेका थिए । यसका लागि उनले जिल्ला वन कार्यालयमा दर्ताका लागि निवेदन दिए । तर उनको उद्योग वनक्षेत्रबाट १ कि.मी. भित्र रहेको हुनाले निवेदन अस्वीकृत भयो । तर उक्त उद्योग १ कि.मी. भन्दा टाढा सार्ने उनीसित कुनै विकल्प थिएन । उक्त ठाउँमा चारैतिरबाट वन क्षेत्रले घेरिएको जस्तै थियो । त्यसैले उनी ठूलो नोक्सानी सहेर उक्त उद्योग बन्द गर्न बाध्य भए । वास्तवमा उक्त उद्योगले जुन कच्चा पदार्थ प्रयोग गर्दथ्यो त्यसको सङ्कलनबाट वातावरणमा उल्लेख्य कुनै नकारात्मक प्रभाव पर्दैनथ्यो । उद्योगको सञ्चालन भएको भए स्थानीयवासीहरूलाई खेर गएको जमिनमा खेती गर्न प्रोत्साहन पनि मिल्दथ्यो । यसरी निजी लगानीकर्तालाई व्यवसाय स्थापना गर्नमा रोकावट गर्नुको कुनै तुक छैन । यसबाट तिलक थापा मात्र निरुत्साहित बनेको नभई देशमा रहेका सम्भावित उद्यमीहरू पनि यस क्षेत्रमा लगानी गर्न उत्साहित बन्न सक्दैनन् ।

वास्तवमा वन नियमावालीमा उल्लेखित व्यवसाय स्थापनाको व्यवस्था अव्यावहारिक रहेको देखिन्छ । वनमा आधारित उद्योग स्थापना गर्नका लागि वनक्षेत्रबाट पहाडमा कम्तिमा १ कि.मी. र तराईमा ३ कि.मी. दूरी लागू गरिएको छ । उक्त प्रावधानबाट गैरकाष्ठ वन पैदावारमा आधारित उद्योग स्थापना गर्नमा उद्यमीहरू निरूत्साहित भएका छन् । यसबाट गैरकाष्ठ पैदावार विकास र गरिबी निवारण दुवै कार्यमा कठिनाइ पर्न जान्छ ।

लगानीकर्ताहरूलाई सजिलो बनाउन सरकारले एकद्वार प्रणाली विकसित गरेको बताएता पनि गै.का.व.पै.मा आधारित उद्यमहरूको दर्ता, सञ्चालन र बजार व्यवस्थापनमा रहेका समस्या हट्न सकेका छैनन् । अथाह सम्भावना हुँदाहुँदै पनि नेपालमा थोरै मात्र गै.का.व.पै.मा आधारित उद्यमहरू विकसित भएका छन् । व्यापारिक प्रयोजनको लागि हालसम्म १६१ वटा प्रजातिहरू प्रयोगमा आएका र ७१ वटा समुदायमा आधारित उद्यमहरू सञ्चालनमा रहेका छन् (सुवेदी २००६) ।

## निष्कर्ष

हालसम्म गरिएका धेरै अध्ययनहरूले नेपालमा गै.का.व.पै.मा आधारित उद्यम विकासको व्यापक संभाव्यता रहेको उल्लेख गरेका छन् । तर केहीले मात्र कार्यक्षेत्रमा आधारित भएर नीतिगत कठिनाइ पहिचान गर्ने र सुधारको बाटो देखाउने काम गरेका छन् । यस लेखमा नेपालका नीति तथा कानुनी प्रावधानले पूर्वी नेपालको कोशी क्षेत्रका गै.का.व.पै.मा आधारित उद्यम विकासमा कसरी प्रभाव पारेका छन् भन्ने कुरा प्रष्टाउन खोजिएको छ । उद्यमको स्थापना, वृद्धि तथा विकासका लागि नीतिगत सुधारहरू आवश्यक छन् । जिल्लास्तरका उद्यमहरूमा पनि नीतिगत कुराहरूले धेरै प्रभाव पारेको देखिन्छ । सरकारले नीति बनाउँदा नागरिक समाज सित परामर्श र समन्वयमा अझ ध्यान दिनु आवश्यक छ । केही नीतिगत कठिनाइहरू रहेतापनि कोशी क्षेत्रमा गैरकाष्ठ वन पैदावरमा आधारित रहेका केही उद्यमहरू सफलतातिर अगाडि बढेका छन् । साना तथा मझौला वन उद्यमहरूको थप वृद्धि र विकासका लागि गै.का.व.पै.मा विशेष लक्षित गरी नीतिगत सुधारहरू गरिनु पर्दछ । नीतिगत सुधार गरिनुपर्ने क्षेत्रमा विशेषगरी उद्यमको दर्ता, सङ्कलन लाइसेन्स, निर्यात, प्रशोधन र प्रमाणीकरणजस्ता पक्षहरू रहेका छन् ।

## सन्दर्भ सामग्री


१. एइसी/एफ.एन.सीसी.आई २००४, जुम्ला सुर्खेत र नेपालमाको गैरकाष्ठ पैदावारको व्यापार प्रक्रियाः व्यापार र व्यवसाय बढाउन उपयुक्त नीति, उद्योग वाणिज्य महासंघ काठमाण्डौः कृषि उद्यम केन्द्र ।

२. बन्जाडे एम.आर. र पौडेल एन.यस. २००८ः सत्य वा यर्थाथता ? गैरकाष्ठ वन पैदावारको सम्भावित आर्थिक महत्वः फरेष्ट एड लाइभ्लिहुड जर्नल, ७(१) : ३६-४८ ।

३. वेल्चर, वि, रूज पेरिज, एम एन एडिसन.आर २००५. व्यवसायिक एन.टि.एफ.पि.को विश्वव्यापी पद्दति : संरक्षण र जीविकोपार्जनमा पारेका प्रभावहरूः वल्ड डिभलमेन्ट ३३ (१) ।

४. देवकोटा, वि.पी. २००६ औषधीजन्य र गैरकाष्ठ वस्तुहरूः सामाजिक र आर्थिक विकासका आधारमा ।

५. इडर्वाण्ड, डि.एम १९९६ः नेपालबाट गैरकाष्ठ वन पैदावारः सुगन्धित तथा औषधीजन्य प्रजातिहरूको व्यापार पक्षः बबरमहल काठमाण्डौंः वन मन्त्रालयः वन अनुसन्धान तथा अध्ययन केन्द्र ।

८. पराजुली, डि.र लुइटेल, एच. २००६ः २००४ गैरकाष्ठ वन पैदावार नीति ।

९. श्रेष्ठ, पि.आर. र दास, पि.के २००८ नेपालमा गैरकाष्ठ वन पैदावारको दिगो सङ्कलन, ओसारपोसार र व्यापारमा नीतिगत समस्या र रणनीतिक अध्ययन ।

१०. सुवेदी, वि.पी. २००६ प्रजातिमा आधारित उद्यम, जैविक विविधत संरक्षण र स्थानिय समुदाय न्यू दिल्ली ।

११. सुवेदी, वि.पी. १९९७ वातावरण संरक्षण र आर्थिक विकासमा गैर काष्ठ वन पैदावारः चुनौती र रणनीति ।